बैठक संख्या : ९४ स्थान : राप्ती नगरपालिका

मिती : २०७८।०६।२४ गते समय : साझ ५ : ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

का.वा. वडाध्यक्ष वडा नं ८ श्री पूर्ण प्रसाद आचार्य

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुंवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

प्र. अ. श्री दिपक थापा

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

रवीन्द्र प्रसाद पाठक

क.अ. श्री रमेश चौधरी

संजीव रेग्मी

बैठक संख्या :९४ मिति :२०७८।०६।२४ समय: साझ ५:०० बजे

प्रस्तावहरु

१. गत बैठकको निर्णय कार्यान्वयनको समिक्षा
२. नगर सभाहल व्यवस्थापन समिति गठन सम्वन्धमा ।
३. वडा नं. ६ को कालोपत्रे कार्यको भुक्तानी सम्वन्धमा ।
४. नगर प्रशासनीक भवनको भुक्तानी सम्वन्धमा ।
५. सिचाई उपभोक्ता समिति दर्ता सम्वन्धमा ।
६. उद्योगको लागि मालपोत रजिष्ट्रेसन छुट सिफारिस सम्वन्धमा ।
७. राप्ती नगर प्रशासनिक भवनमा जडान हुने लिफ्ट सम्बन्धमा।
८. ठेक्का आयोजनाको म्याद थप गरि कार्यन्वयन गर्ने सम्बन्धमा।
९. मदन टोल पाखिबासहुदै इट्टा भट्ट जाने बाटोको लगत अनुमान स्विकृति गर्ने सम्बन्धमा ।
१०. घ बर्गको इजाजतपत्र दिने सम्वन्धमा ।
११. विजयादशमी दिपावली तथा छट पर्वको उपलक्ष्यमा शुभकामना आदान प्रदान सम्बन्धमा ।
१२. बिविध फाइल सम्वन्धमा ।

निर्णयहरु

निर्णय नं. १

मिति २०७८।०६।०४ मा बसेको कार्यपालिकाको बैठकले गरेका निर्णयहरुमध्य केहि कार्यान्वयन भइसकेको र केहि कार्यन्वयनको चरणमा रहेको जानकारी सम्पुर्ण कार्यपालिका सदस्यहरुमा जानकारी गराइयो ।

निर्णय नं. २

राप्ती नगरपालिका वडा नं. २ गडयउलि मा भर्खरै निर्माण सम्पन्न गरिएको नगरसभाहलको संरक्षण र सम्वर्द्धन गर्नका लागि नगर प्रमुख तथा उप-प्रमुखको संरक्षकत्वमा वडा नं. २ का वडा अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमका सदस्यहरु रहने गरी एक नगरस्तरिय नगरसभाहल संरक्षण र संवर्द्धन समिति गठन गरियो ।

श्यामसुन्दर उप्रति ( वडा अध्यक्ष वडा नं. २ )- अध्यक्ष
सम्वन्धित टोलको टोल विकास संस्थाको अध्यक्ष — सदस्य
विद्यालय व्यवस्थापन समिति अध्यक्ष- सदस्य

दिलकुमारी लामा (कार्यपालिका सदस्य )-सदस्य
पुष्पा कुवर के.सी (कार्यपालिका सदस्य )-सदस्य
अम्विका लामा (कार्यपालिका सदस्य )-सदस्य
नगरपालिकाको प्रशासन शाखा प्रमुख- सदस्य सचिव

**निर्णय नं. ३**

गत आ.ब. २०७८/७८ मा ठेक्का सम्झौता भै बिशोब्यापी कोरोना भाइरस का कारण निर्माण सम्पन्न हुन नसकेको ठेक्का.न. ०११/Works/NCB/RM/०७७/०७८, Construction of Blacktop Roads at Various Places of Rapti Municipality, Ward No. ६,निर्माण ब्यबसायीः MP NirmanSewa, Bharatpur-८ ले रु.३०,५२,५४८.९३ मा सम्पन्न हुने गरि सम्झौता गरेकोमा समयमा सम्पन्न हुन नसकेको कारण गत बर्षको मौजात वा मिल्दोजुल्दो शीर्षक बाट खर्च हुने गरि २०७८ पौष मसान्त सम्म म्याद थप गरि कार्यन्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

राप्ती नगरपालिकाको ठेक्का न. 008/Works/NCB/RM/076/077 अन्तर्गत नगर प्रशासनिक भवन निर्माण आयोजनामा निर्माण ब्यबसायी धुलिखेल निर्माण सेवा,बानेश्वरले ठेक्का सम्झौता गरि निर्माण कार्य गरि रहेकोमा उक्त आयोजनाको बिल भुक्तानीका लागि स्वीकृत बजेट अन्तर्गत नगर प्रशासनिक भवन शीर्षकमा बजेट व्यवस्था गरियको तर श्रोत राजस्व बाडफाड-संघीय सरकार -नगद मा पर्न गयको हुँदा हाल भुक्तानी गर्नु पर्ने रकम नगर समपुरक कोष बाट खर्च गरि राजस्व बाडफाड-संघीय सरकार -नगद शीर्षक मा बजेट प्राप्त भए पश्चात सोधधर्ना हुने गरि आयोजना कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

राप्ती नगरपालिका भित्र सञ्चालन भएका तर नगरमा दर्ता नभएका सिचाई उपभोक्ता समितिहरु फाइव ग्रुप सिचाई उपभोक्ता समिति राप्ती -७, सुख्खा कुलो जल उपभोक्ता समिति राप्ती-९ लाई दर्ता गर्नका लागि आवश्यक कार्यविधि नबनिसकेकोले उक्तकानुन नबनुनजेलसम्मका रित पुर्‍याइ दर्ता गरिदिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं.७ माथि छलफल गर्दा नेपाल सरकारले हालै बजेट बक्तव्य मार्फत उल्लेख गरेको उद्योगको लागि मालपोत रजिष्ट्रेसन छुट सम्वन्धमा सिफारिसका लागि माग भइ आएकोमा संघीय सरकार बाट कार्यलयमा हालसम्म कुनै पनि परिपत्र नगरेको हुदाँ उक्त रजिष्टेसन छुटका लागि सिफारिस नगर्ने निर्णय गरियो ।

निर्णय नं. ७

उपर्युक्त सम्बन्धमा यस कार्यालयको ठेक्का न. 008/Works/NCB/RM/076/077 अन्तर्गत नगर प्रशासनिक भवन निर्माण आयोजनामा B.O.Q सि.न. २८ मा लिफ्ट जडान गर्ने विवरण रखिएकोमा सबै विवरण प्यासेन्जर लिफ्ट संग मिल्ने गरि राखियको तर नाम क्याप्सुल लिफ्ट रखियाकोमा क्याप्सुल लिफ्ट को सट्टामा प्यासेन्जर लिफ्ट जडान गर्नु पर्ने भनि निर्माण ब्यवसायी धुलिखेल निर्माण सेवा,बानेश्वरले मिति २०७८/०६/१५ मा स्वीकृति प्रदान गरिदिनुहुन बिषयमा गरेको निबेदनमा बस्तुगत छलफल गर्दा ताहा क्याप्सुल लिफ्ट जडान गर्न लिफ्टको लागि साफ्ट नमिलेको, पहिले नै जमिन तला र प्रथम तला निर्माण भयको र क्याप्सुल लिफ्ट को लागि Dimensions, Floor Height, Width, Depth नमिलेको, भवनको नक्सा बमोजिम प्यासेन्जर लिफ्ट नै जडान गर्ने स्पेस रहेको हुँदा र क्याप्सुल लिफ्ट प्राय बाहिरी भागमा छुट्टै संरचना निर्माण गरि जडान गर्ने प्रचलन रहेको र सरकारी कार्यालयमा अधिकांस प्यासेन्जर लिफ्ट नै जडान गर्ने गरियको हुँदा परामर्शदाताले B.O.Q निर्माण गर्दा नाम मिस प्लेस हुन गयको बुज्न आयको हुँदा यस कार्यालयलाई थप आर्थिक भार न पर्ने गरि प्यासेन्जर लिफ्ट जडान गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

आ. ब. २०७७।०७८ मा सम्झौता भै सञ्चालनमा आएको तर बिशोब्यपी कोरोना भाइरसको कारण जनशक्ति तथा निर्माण सामग्रीको चरम अभाबका कारण समयमा सम्पन्न हुन न सकेको भनि निर्माण ब्यवसायीले पौष मसान्त,२०७८ सम्म तपशिल बमोजिमका आयोजना को म्याद थप गर्न निबेदन गरेकोमा सार्बजनिक खरिद ऐन,२०६३ को दफा ५६ (२) र सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १२० (२) (ग) बमोजिम र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०५/०३ को बैठकबाट कोभिड-१९ का कारण समयमा सम्पन्न हुन न सकेका खरिद सम्झौताको म्याद बढीमा २०७८ चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय भय बमोजिम यस रासी

नगरपालिकाको हकमा २०७८ पौष मसान्त सम्म म्याद थप गरि गत बर्षको मौजात कोष अथवा आ.ब. २०७८/७९ मा आयुबेदिक भवन निर्माणका लागि बिनियोजन भयको बजेटबाट कार्यन्वयन गर्ने निर्णय गरियो।

| सि. नं. | ठेक्का नं. | ठेक्काको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता रकम रू. | हाल सम्म भुक्तानी भएको रकम रू. | भुक्तानी हुने श्रोत |
|---|---|---|---|---|---|---|
| १. | 007/Works/NCB/RM/077/078 | Construction of AyurbedAausadhalaya Building at Rapti Municipality-07 | LATARAMMESHWOR MAHADEV NIRMAN SEWA, Makawanpurgadhi-2 | १९,५३,७२४.५४ | ६८३,५४५.२२ | आ .ब. मा ७९/२०७८ आयुबेदिक भवन निर्माणका लागि बिनियोजन भयको बजेट वा मिल्दोजुल्दो शीर्षक |
| २. | 011/Works/NCB/RM/077/078 | Construction of Blacktop Roads at Various Places of Rapti Municipality, Ward No. 6 | MP NirmanSewa, Bharatpur-8 | ३०,५२,५४८.९३ | ०.०० | गत बर्षको मौजात कोष |

निर्णय नं. ९

उपर्युक्त सम्बन्धमा राप्ती नगरपालिकाको आ.ब. २०७८-७९ मा कार्यन्वयन हुने गरि प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) अन्तर्गत "मदन टोल पाखिबासहुदै इट्टा भट्ट जाने बाटो" शीर्षकमा रु. एक करोड बिनियोजन भयकोमा स्थलगत अनुगमन गरि मदन टोल देखि पाखिबाससम्मको सडक कालोपत्रे निर्माण गर्न लगत अनुमान तयार गर्दा लगत अनुमान बराबर ने.रु.२,३६,८०,८५५।३३ (भ्याट,पी.एस. र कन्टेन्जेन्सी सहित) हुन आउने देखियो। उल्लेखित लगत अनुमानमा प्रदेश सरकारबाट प्राप्त १ करोड बाहेक को रु.१,३६,८०,८५५।३३ नगरको समपुरक कोष शीर्षकबाट खर्च हुने गरि कार्य अगाडी बढाउने र सार्बजनिक खरिद नियमावली ,२०६४ को नियम १४ (१) बमोजिम उक्त आयोजनाको कुल लागत अनुमान रु. २,३६,८०,८५५।३३ स्वीकृत गरि खरिद कार्य अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकामा "घ" बर्गको निर्माण इजाजतपत्रको लागि रितपुर्वक निवेदन पर्न आएका तपसिल बमोजिमका नाम र ठेगाना भएका कम्पनिहरुको कागजात चेकजाँच गर्दा नियमानुसार रित पुगेको देखिएकाले देहायबमोजिमका कम्पनिहरुलाई घ बर्गको निर्माण इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क.स | कम्पनिको नाम | ठेगाना |
|---|---|---|
| १. | ए ग्लोरी इञ्जिनियरिङ एण्ड कन्सट्रकसन प्रा.लि | रासी -५ |
| २. | सम्राट इञ्जिनियरिङ निर्माण सेवा | रासी -१ |

निर्णय नं. ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा नगर प्रमुख, उप-प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतले नजिकिँदै गरेको नेपालीहरुको महान् चाड बडा दशैं, शुभ दिपावली तथा छठ पर्वको अवसरमा सम्पुर्ण कर्मचारीहरु, नगरबासी वुवा आमा, दाजुभाइ, दिदिबहिनि तथा देश विदेशमा रहनुहुने नेपालिहरुमा सुख, शान्ति, सुस्वास्थ्य र दिर्घायुको कामना सहित शुभकामना व्यक्त गर्नुभयो ।